# भिक्षु ऊ. चन्द्रमणि महास्थविर

– लेखक –

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

भक्तपुर

Dhamma.Digital

– प्रकाशक –

अनागारिका

वजिरज्ञाणी र संघशीला

बौद्ध समंकृत विहार

भक्तपुर

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु ऊ. चन्द्रमणि महास्थविर


– लेखक –

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

भक्तपुर



– प्रकाशक –

अनागारिका

वजिरञाणी र संघशीला

बौद्ध समंकृत विहार

भक्तपुर



Downloaded from http://dhamma.digital

प्रकाशकः–

अनागारिका
वजिरञाणी र संघशीला
बौद्ध समंकृत विहार (कुटु वही)
दूधपाटी, भक्तपुर–१७

प्रथम संस्करण – १००० प्रति

( सर्वाधिकार सुरक्षित )

बु. सं. २५३६
ने. सं. १११३
ई. सं. १९९२
वि. सं. २०४९

मूल्यः– रू. ५।-

मुद्रकः–
ओम प्रिन्टिङ्ग प्रेस
ओम बहाल, काठमाडौं ।
फोनः– २२२४५७

Dhamma.Digital

Downloaded from http://dhamma.digital



भिक्षु ऊ. चन्द्रमणि महास्थविर
(सन् १८७६–१९७२)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# समर्पण

आधुनिक युगमा नेपालमा सर्वप्रथम स्थविरवाद
बुद्ध-धर्म प्रचार-प्रसार गर्न आउनुभएका
श्रामणेर कर्मशील (पछि भिक्षु प्रज्ञानन्द
स्थविर-महास्थबिर-हाल संघनायक)
को चरणकमलमा ।

--रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital

# दुइ शब्द

पूज्यपाद उपज्झायको जीवनी भिक्षु ऊ. चन्द्रमणि महास्थविर पुस्तिका पढ्न पाएर मलाई धेरै खुशी लाग्यो । कैयौं थाहा नपाएका कुराहरू यस पुस्तिकाबाट थाहा पाए । सानो पुस्तिकामा योभन्दा बढी विस्तृतरूपमा लेख्नु श्री रत्न सुन्दर शाक्यका लागि सम्भव साध्य कुरा पनि होइन । त्यस कारण पनि म यस पुस्तिकामा गुरुवरको सान्निध्य प्रभावका दुई तीन प्रसंगहरूको चर्चा गर्न चाहन्छु ।

पूज्यपाद गुरुवर आफ्नो वयस्क अवस्थामा खूब खानुहुन्थ्यो । पहलवान्को शारीरिक व्यायाम पनि गर्नुहुन्थ्यो । मलाई भन्नुहुन्थ्यो–

"श्रामणेर ! खूब खाऊ, शारीरिक व्यायाम पनि गर ।"

मैले यस उपदेशलाई आर्थिक अवस्था र आलस्य स्वभावले गर्दा पालन गर्न सकिन । परिणाम भयो, ९६ वर्षसम्म निरोगी र स्वस्थ पूज्यपादको शिष्य भएर पनि म आफ्नो ५० वर्षको उमेरमा नै रोगी र दुर्बल मानिस भए । गत ८ वर्ष देखि मधुमेह र त्यसबाट भएका अनेक रोगबाट पीडित छु र ६ महिनादेखि त निक्कै बिरामी भई आज यी केही पंक्तिहरू बल्ल लेख्दैछु ।

Downloaded from http://dhamma.digital

गुरु कहिल्यै पनि सोझै मैनबत्ती, मट्टितेलको वत्ती अथवा विजुली बत्ती हेर्नुहुँदैनथ्यो । बेलुकी उपदेश दिदा र पढाउँदा बलिरहेको लालटिनको वत्तीमा कागज वा केही वस्तुबाट छेकेर मात्र ऊज्यालोको उपयोग गर्नु हुन्थ्यो । "अभिधम्मत्थ सङ्गहो" पढाउँदा कहिल्यै पुस्तक हेर्नु पर्ने आवश्यकता थिएन। आराम कुर्सीमा आराम लिदैं आँखा बन्द गरेर ७४ वर्षको गुरु चित्त, चेतसिक र प्रकीर्णक काण्डको गणित र गहन अर्थ निकै सरस र सरलरूपमा पढाउनुहुन्थ्यो । हामी चित्त, चेतसिक, रूप र निर्वाणको दार्शनिक विश्लेषण र संश्लेषण पनि बाजे बज्यैबाट बच्चाहरूले परीको कथा सुने जस्तै आनन्दसँग सुन्थ्यों र पढ्यों मलाई सधैं भन्नुहुन्थ्यो–

"सुर्योदयका साथ आफ्नो दैनिक क्रियाकलाप शुरू गर । घुम, पढ, लेख, खाउ, पिउ । तर सुर्यास्तका साथै किताब नपढ । सुर्यास्तपछि कण्ठस्थ भएका सूत्र र गाथादिको चक्रमण गर्दै वा सुत्दै पुनरावृत्ति गर । पढाएका कुराहरूमा मारे (खूब–वहाँबाट धेरै प्रयोग हुने शब्द) चिन्तन मनन गर । कुनै पाठयांश याद भएन भने अथवा कुनै कुरा स्पष्ट भएन भने भोलि बिहानै किताब हेर अथवा आ-आपसमा छलफल गर ।"

मैले यस उपदेशलाई पनि पालन गर्न सकिन । अहिले आएर, ८६ वर्षको उमेरसम्म हिन्दी दैनिक "आज" बिना चश्मा पढनुहुने गुरुको शिष्य भएर पनि म दायाँ आँखा चश्मा राखेर पनि लेख पढ गर्न नसक्ने मात्र बायाँ आँखाबाट चश्मा राखेर पढ्न सक्ने मानिस भएको छु ।

Downloaded from http://dhamma.digital

गुरुवर गोल अथवा गोबरको इन्धन आगोमा राखेर भर्खर टिपेका हरियो सागपात, गोलभेडा, आलु, रामतोरे आदि राखेर एउटा माटोको भाँडोमा पकाएको रसदार तरकारी पकाएर खानुहुन्थ्यो। यसरी पकाएको रसदार तरकारी जुन यति स्वादिष्ट हुन्थ्यो कि त्यो स्वाद सम्झँदा आज पनि जीब्रो रसाएर आउँछ।

गुरुवर रोगी भएर औषधी गर्नुभन्दा प्राकृतिक र स्वा–भाविक संयमित जीवनशैलीको पक्षधर हुनुहुन्थ्यो। रोगी नै भएको खण्डमा विविध फूल र बोट विरुवाका पात र जडको औषधि सेवन गर्ने प्रेरणा दिनुहुन्थ्यो। महापरिनिर्वाण-मूर्तिमा चढाएका फूलहरूवाट विविध औषधि बनाउनुहुन्थ्यो। मैले वहाँ सुत्नुहुने कोठामा आयुर्वेदिक विषयको संस्कृत भाषामा छापिएका ठूलठूला पुस्तकहरू देखेको छु। वहाँ रसादि औषधि पनि बनाउनुहुन्थ्यो। कुशीनगरको आसपासमा सबै ग्रामीण जनताका "बाबा" (गुरुको प्रचलित सम्बोधन नाउँ) हकीम, वैद्य वा डाक्टर पनि हुनुहुन्थ्यो।

पूज्यपाद उपज्झाय शारीरिकरूपवाट तन्दुरुस्त मात्रै होइन निक्कै निर्भीक [निर्भय] व्यक्ति पनि हुनुहुन्थ्यो। एक रात निःशुल्क दातव्य औषधालय बनाउने अनागारिका सु-जाता [जो पछि गृहस्थ भई गृहस्थै भएका डा. भदन्त शान्ति-सित विवाह गर्नु भएको थियो – हाल विश्वभारती-शान्ति नि-केतनमा] को सम्पत्ति वा रुपैयाँ लुट्न आएका सशस्त्र (हात मा भाला लिइआएका] डाँकाहरूसँग गुरुले पनि भाला

Downloaded from http://dhamma.digital

हातमा लिएर आमुने-सामुने भइरहेको चुनौतिपूर्ण दृश्यको स्मरण गर्दा आज पनि म रोमाञ्चित हुन्छु। अर्कोतिर वहाँ गरीब र दुःखीप्रति सधैं कारुणिक हृदयको आश्रयदाता हुनुहुन्थ्यो।

मेरो श्रामणेर प्रव्रज्याको उपज्झाय हिन्दी, पालि र अभिधम्मको पहिलो गुरुवर ऊ. चन्द्रमणि महास्थविरको जीवनी आफ्नो प्रारम्भिक प्रव्रजित जीवनमा नै अर्थात वि. सं. २००८ सालको जेष्ठ महिना [जून, १९५१] मा नै रचना को रूपमा नेपालभाषामा "धर्मोदय" [वर्ष ४, अंक ८] मा प्रकाशित गरेको थिएँ। आज ४१ वर्षपछि नेपालका एक उपासकद्वारा नेपालीभाषामा लिखित पूज्यपाद गुरुवरको संक्षिप्त तर सारपूर्ण जीवनी अनागारिका वजिरञाणी र अनागारिका संघशीलाबाट प्रकाशित हुनु ठूलो 'मुदिता' को विषय हो।

विशेषत: दिउँसो आफ्नो जीविकाको लागि सुनको काम गर्ने, रातीमात्र अध्ययन र लेखन कार्य गर्ने रत्नसुन्दर शाक्यबाट नेपाल अथवा विश्वका लागि देन भएका बौद्ध भिक्षु आचार्य वा दार्शनिक विद्वान्हरुको बारेमा एकपछि अर्को पुस्तक लेख्ने कार्य हुनु सारै ठूलो प्रशंसाको विषय हो। म आशा र विश्वास गर्छु, वहाँका अन्य पुस्तकहरू प्रकाशनार्थ पनि उदार हृदय श्रद्धालु दाताहरू अवश्य अगाडि बढ्ने छन्।

अस्तु।

**श्रीकीर्ति बिहार** — **भिक्षु सुदर्शन**

**कीर्तिपुर, काठमाण्डौं**

**२५।८।२०४९**

Downloaded from http://dhamma.digital

# आफ्नो कुरा

नेपालका प्रायः गरी राणाकालमा प्रव्रजित हुनुभएका भिक्षु, श्रामणेर एवं अनागारिकाहरूका उपाध्याय गुरु भिक्षु ऊ. चन्द्रमणि महस्थविरको जीवनी यहाँहरूको समक्ष प्रस्तुत गर्न पाउँदा मलाई हर्ष लागेको छ।

आफ्नो पूज्य गुरुवर भिक्षु विवेकानन्द महास्थविर [वि. सं. १९७३-२०४२] को पनि प्रव्रज्यागुरू हुनुभएका ऊ. चन्द्रमणि महास्थविरको प्रमुख कार्यक्षेत्र कुशीनगर [तथागतको परिनिर्वाण स्थल] रहेको कुरा प्रायः बौद्ध सम्पूर्ण धर्मालम्बीहरूलाई थाहाभएको कुरा हो।

वि. सं. २०३६ साल पौष १३ गते पूज्य भिक्षु विवेकानन्द महास्थविरको नेतृत्वमा भक्तपुरको बौद्ध समंकृत विहारबाट तेस्रोपटक बौद्धतीर्थ यात्रा शुभारम्भ भएको थियो। त्यस यात्रामा पूज्य पिता हेरामान शाक्य [वि.सं. १९७१-२०४२] का साथ म पनि गएको थिएँ। हामीहरू यात्रा शुभारम्भ भएको तेश्रो दिन १५ पौष २०३६ ('३० डिसम्बर १९७९–अन्तराष्ट्रिय लुम्बिनी वर्ष ) का दिन कुशीनगर पुगेका थियौं। यसरी आफू सर्वप्रथम कुशीनगर पुगेको नै ऊ. चन्द्र–मणि महास्थविरको निधनको ७ वर्षपछि मात्र थियो।

Downloaded from http://dhamma.digital

त्यसकारण आफूले भिक्षु ऊ. चन्द्रमणि महास्थविरको दर्शन पाउने व्यक्ति हुने सौभाग्य नपाएतापनि वहाँका शिष्य शिष्याहरूको तर्फबाट वहाँको गुणगान [प्रशंसा] एवं देन काफी सुनिराखेको छु। अतः वहाँको प्रेरणादायी जीवन चरित्रलाई संक्षिप्तरूपमा भएपनि यहाँहरूको समक्ष प्रस्तुत गरेको छु। आशा छ, यस संक्षिप्त जीवनीले वहाँ एवं वहाँको देनलाई पुनः एकपटक श्रद्धालु धर्मबन्धुहरूलाई स्मरण गराई जीवनमा प्रेरणा प्राप्त गराउनमा टेवा मिल्नेछ।

मेरो यस "भिक्षु ऊ. चन्द्रमणि महास्थविर" को पाण्डुलिपि पनि "आनन्दभूमि" मासिक पत्रिकाका सम्पादक सुवर्ण शाक्यले भाषा संशोधन गरिदिनुभएको थियो। अतः वहाँका साथै यस जीवनीलाई आद्योपान्त पढी भिक्षु ऊ. चन्द्रमणि महास्थविरबारे केही अन्य [प्रत्यक्षदर्शी] जानकारीहरू समेत उल्लेख गरी "दुई शब्द" लेखिदिनु भएका ऊ. चन्द्रमणि महास्थविरकै एक शिष्य भिक्षु सुदर्शन महास्थविरप्रति चिरऋणी छु।

यस जीवनीलाई पाठकहरू समक्ष पुऱ्याउन [प्रकाशन गर्न] मा मदत दिनुभएका अनागारिका वजिरञाणी र अनागारिका संघशीला गुरुमाँ [गुरुआमा] द्वयप्रति पनि म निकै आभारी छु। पुस्तक छपाइ सम्बन्धी कार्य सन्तोषजनक रूपमा गरिदिएको मा "ॐ प्रिटिङ्ग प्रेस" लाई पनि धन्यवाद छ।

२४ मंसिर २०४६
(यःमरि पुन्ही)

रत्नसुन्दर शाक्य
थालाछे, भक्तपुर-४

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

उपासक रत्नसुन्दर शाक्यले लेख्नुभएको "भिक्षु ऊ. चन्द्रमणि महास्थविर" को जीवनी प्रकाशन गर्न पाएकोमा हामी दुबै अति प्रसन्न छौं।

ऊ. चन्द्रमणि महास्थविर हाम्रा पूज्य गुरुवर भिक्षु विवेकानन्द महास्थविरको पनि प्रव्रज्यागुरु हुनुहुन्छ, अतः यस कारण पनि हामी अति प्रसन्न छौं।

रत्नसुन्दर शाक्यले बुद्धधर्मका अनेक बौद्ध विद्वान्हरू-को जीवनी लेखी फोटो समेत राखि छापिएका पुस्तकहरू निरन्तर हेर्न पाउँदा हामी वहाँदेखि धेरै धेरै नै खुशी छौं।

यस प्रकारका जीवनीका पुस्तकहरू रत्नसुन्दर शाक्य-बाट अझ पनि लेख्दै जाने छन् र हेर्न पाउने आशा गर्दै "प्रकाशकीय-शब्द" यहीं अन्त गर्दछु।

२०४६ साल, मंसिर २६
बौद्ध समंकृत विहार
भक्तपुर

अनागारिका
वजिरञाणी र संघशीला

Downloaded from http://dhamma.digital

# भिक्षु

# ऊ. चन्द्रमणि महास्थविर

नेपालको प्राय: जसो भिक्षु एवं अनागारिकाहरूका जन्मदाता ऊ. चन्द्रमणि महास्थविर, नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार-प्रसार गर्न योगदान दिनुभएका विदेशी विद्वान्-हरूमध्ये प्रमुख हुनुहुन्छ ।

वहाँको जन्म सन् १८७६ को जून (जेष्ठ) महिनामा वर्माको अराकान प्रदेशमा भएको थियो । वहाँ पिता ऊ. च्वङ मौ तथा माता दो. अवङ्येका जेष्ठ सुपुत्र हुनुहुन्छ । अत: व्रर्माको रीतिअनुसार वहाँहरूले आफ्नो पुत्रको नाममा ऊ. जोडी "सावाङ ऊ" नामकरण गर्नुभएको थियो ।

बालक सावाङऊको प्रारम्भिक शिक्षा ७ बर्षको उमेरदेखि शुरूभयो । वहाँलाई आफ्नो गाउँ 'पौ-पङ-ग्वाङ' बाट ३ माइल टाढा रहेको 'रूपच्छौं' नामक गाउँको 'चौङ' नामक विहारमा शिक्षार्थ भर्ना गरिएको थियो । प्राय: जसो बौद्धबिहारहरू नै लंका, वर्मा, थाईलैण्ड आदि बौद्धदेशहरूमा वालकहरूको प्रारम्भिक शिक्षाकेन्द्र हुन्थ्यो ।



Downloaded from http://dhamma.digital

साबाङऊ ले पनि त्यस 'चौङ' विहारका प्रमुख महास्थविरसमक्ष रही वर्णमाला, परित्तसुत्त, कच्चायनव्याकरण आदिको अध्ययन पूर्ण गर्नु भएको थियो ।

त्यसपछि वहाँ १० वर्षको उमेरमा प्रव्रजितजीवन बिताइरहनुभएका आफ्ना काका ऊ. चन्दिमा कहाँ अध्ययनको निमित्त जानु भयो । ऊ. चन्दिमा १५ वर्षसम्म माण्डलेमा रही त्रिपिटक अध्ययन गरि सकेका भिक्षु थिए । सन् १८८६ मा त्यसबेला वर्माको राजधानी रहेको माण्डलेमा अंग्रेजहरूले अधिकार गरेको कारण त्यस शहरलाई छोडी वहाँ अक्याव (चित्वेमों) आउनुभएको थियो । अक्यावमा रहनुभई उहाँले आफ्ना भतिजा साबाङऊलाई विशेषरूपमा बौद्धसाहित्यको अध्ययन गराउनुभएको थियो ।

बौद्धदेशको नियमानुसार प्रत्येक परिवारमा रहेका सुपुत्रहरूले केही दिनको निमित्त भएपनि प्रव्रज्याजीवन बिताउने गर्दछन् । तसर्थ सावाङऊले पनि प्रव्रजित हुने बिचार गर्नुभयो । वहाँ भिक्षु ऊ. चन्दिमाकहाँ रहनुभई विशेषरूपमानै बुद्धोपदेश हासिल गरेको कारण केही दिनको लागि मात्र नरही आजीवन श्रमण-धर्म पालन गर्ने अभिप्रायले सन् १८८८ मा काका ऊ. चन्दिमा समक्ष प्रार्थनागर्नुभयो–

"भन्ते ! यस काषायवस्त्र दिनुभई मलाई संसारको दुःखबाट मुक्त हुन, निर्वाणलाई साक्षात्कार गर्न चाँडै प्रव्रज्या दिनुहोस् ।"

वहाँको यस आकाँक्षालाई ऊ. चन्दिमाले पूरा गरिदिनु भयो। प्रव्रज्या पश्चात् वहाँको नाम श्रामणेररूपमा 'चन्दा' राखियो, जुन पछि गएर ऊ. चन्द्रमणिको नामले सुविख्यात हुनु भयो।

तीक्ष्ण प्रतिभाशाली हुनुभएका श्रामणेर चन्दाले प्रवज्यापश्चात् झन अध्ययनमा तीव्रता ल्याउनुभयो। वहाँले कच्चायन व्याकरण अभिधानप्पदीपिका, अभिधम्मत्थसंगहो आदि पालीग्रन्थ कण्ठस्थ गर्नु भयो। यसको साथै वहाँले अन्य विशेष बर्मी पाठ्यपुस्तकहरू पनि अध्ययन गर्नु भएको थियो।

सन् १८९१ मा "महाबोधि-सभा" को स्थापनापछि, त्यसको प्रचार प्रसार एवं संगठनको सिलसिलामा अनागारिक धर्मपाल (सन् १८६४-१९३३) र कर्णेल हेनरी स्टील अल्कोट (सन् १८३२-१९०७) बर्माको अराकानमा पनि पुग्नुभएको थियो। त्यसबेला वहाँहरूले ऊ. चन्दिमालाई भेट्नुभई भारतको निम्ति एक सुयोग्य धर्मप्रचारकको आवश्यकता भइरहेको कुरा बताउनुभएको थियो।

ऊ. चन्दिमाले यसको निमित्त श्रामणेर चन्दालाई उपयुक्त ठान्नुभयो र वहाँको साथै सूरिय नामक अन्य एकजना श्रामणेरलाई पनि भारत पठाउने बन्दोवस्त गर्नुभयो जस-अनुसार सन् १८९१ मै श्रामणेर चन्दा र सूरिय (चन्द्र र सूर्य) भारतमा धर्मप्रचारार्थ अराकानबाट भारत प्रस्थान गर्नुभयो। यसको खबर बर्माको दैनिक पत्रले समेत दिएको थियो।



Downloaded from http://dhamma.digital

वहाँहरूले अराकानबाट कलकत्ता पुग्नुभई अनागारिक धर्मपाललाई भेट्नु भयो । धर्मपालले वहाँहरूलाई बुद्धगयामा रहन प्रबन्ध गर्नु भयो । त्यस बेला बुद्धगयामा बर्माका अन्तिम राजा थीवोले बनाइ दिएको एउटा विहार (धर्मशाला) थियो जसमा श्रीलंकाका चन्द्रज्योति महास्थविर रहनुभएको थियो । श्रामणेर चन्दा र सूरियलाई पनि वहाँका साथै त्यही धर्मशालामा प्रबन्ध गरिदिइएको थियो ।

त्यसबेला बुद्ध-गयामन्दिरको दुर्दशा बडो दयनीय थियो । बौद्धहरूको अधीनमा हुनुपर्ने 'बुद्धगयामन्दिर' 'बुद्ध' शब्द नै सुन्न नचाहने हिन्दूमहन्तहरूको हातमा परिरहेको थियो । बुद्धगयाको एक माइल आसपाससम्म टुट–फूट बुद्ध मूर्तिहरू छरिएका थिए । बुद्ध.गयाका सम्पूर्ण मूल्यवान् चिज-हरू महन्तको घरमा सजाइएका थिए । अशोक-स्तम्भका टुक्रा एवं रेलिङ्गहरू समेत महन्तको घरनिर्माणमा प्रयोग गरि-सकिएको थियो ।

यतिले मात्र सन्तोष भएको थिएन । ती महन्तहरूले यस्तो धारणा पनि प्रचार गरिराखेका थिए कि जो कोहीले मन्दिरमा बुद्ध मूर्ति देखियो भन्ने त्यसको प्रायश्चित् गर्नु पर्नेछ । जसले आँखा बन्द गरी फर्केर बुद्ध-मूर्तितर्फ कुनै न कुनै चीजले हान्ने गरेमा प्रायश्चित्‌बाट मुक्त हुने रामबाण (औषधी) पनि यिनीहरूले नै दिइराखेका थिए ।

अतः बिहान सबेरै बुद्ध-पूजा गर्न आउने बेलामा



Downloaded from http://dhamma.digital

श्रामणेर चन्दा र सूरियले अघिल्लो दिनको ईटा. ढुगा आदि चीजहरू एक-एक टोकरी फ्याँक्न समय दिनुपर्दथ्यो ।

यस्तो ठाउँलाई बौद्धहरूको अधिकारमा ल्याउन अनागरिक धर्मपालले मानसिक र शारीरिक रूपमा निकै यातना सहनुपरेको थियो । तैपनि वहाँले आफ्नो जीवन कालमा त्यो समस्यालाई सुल्झाउन सकेनन् । बल्ल, भारतको स्वतन्त्रतापछि सन् १९५३ मा विहार प्रदेशका मुख्य मन्त्रीद्वारा बुद्धगया मन्दिरलाई सार्वजनिक घोषित गरी एउटा समितिको अधिकारमा हस्तान्तरण गरियो ।

श्रामणेर चन्दा र सूरिय बुद्धगयामा यस्तै नित्य कार्य गरिरहेको बेला एक दिन वर्माका केही श्रद्धालु व्यक्तिहरू बुद्धगया दर्शन गर्न आए । तिनीहरू कुशीनगर (तथागतको परिनिर्वाण स्थल) पनि जाने प्रोग्राम भएकोले वहाँहरूलाई पनि आउन आग्रह गरियो । उपासकहरूको आग्रहलाई स्वीकार गरी श्रामणेर चन्दा र सूरिय पनि पहिलो पटक कुशीनगरको दर्शन गर्न जानु भयो ।

त्यसबेला कुशीनगर सिर्फ खण्डहरको रूपमा थियो । केही मात्रामा खुदाइ (उत्खनन) भइसकेको थियो जसबाट परिनिर्वाण मूर्तिसहित मन्दिर र ध्वंसित परिनिर्वाण स्तूप प्रकाशमा आइसकेको थियो । कुशीनगरमा पुग्ना साथै श्राम-णेर चन्दाको हृदयमा अगाध श्रद्धा उत्पन्न भएको थियो। जब वहाँ परिनिर्वाण मन्दिरभित्र जानुभई तथागतको परिनिर्वाण



Downloaded from http://dhamma.digital

मूर्ति देख्नुभयो, तब वहाँ अतीतको स्मरण गरी शोकाकुल हुनुभयो। मनमा अनेक कुरा (भाव) उठाई वहाँ बुध्दगया फर्कनुभयो।

जब बुध्दगया पुग्नुभयो, वहाँहरूले विहार (धर्मशाला) मा तालाबन्द देखियो याने त्यहाँ चन्द्रज्योति महास्थबिर थिएनन्। धर्मशाला पुलिसहरूको रेखदेखमा छोडिएको थियो। पुलिस इन्स्पेक्टरको तर्फबाट वहाँहरूले थाहा पाए कि गत राती केही गुण्डाहरू आई धर्मशाला घेरी विहारमा रहनुभएका नवागन्तुक भिक्षु सुमंगल र चन्द्रज्योति महास्थविरलाई निकै यातना दिए जसबाट भिक्षु समंगलको टाउको फुटेकोले गया अस्पतालमा लगिएको थियो।

यस्तो खबर सुन्नासाथ विशेषत: चन्दा श्रामणेरको मन निकै चिन्तित र व्याकुल हुन गयो।

तत्कालै वहाँहरू गया अस्पतालमा जानुभई चन्द्रज्योति महास्थविरलाई भेट्नुभयो। वहाँबाट स्पष्ट रूपमा जानकारी भयो कि बुध्दगयामा कुनै पनि बौध्द भिक्षु रही बुध्दगया-मन्दिरमा केही उध्दार कार्य गर्न खोज्नु महन्तलाई सह्य थिएन। अत: उसले केही गुण्डाहरू पठाई मारपीट गराएको थियो। चोरहरू आएको भन्नलाई केही चोरेर लगेको थिएन।

सन् १८९२ को फरवरी महिनामा घटेको त्यस काण्डको खबर अनागरिक धर्मपालले थाहा पाउनासाथ वहाँ तुरन्तै गया आउनुभयो र वहाँहरूलाई गयामै एउटा घर भाडामा लिई सबै प्रवन्ध मिलाइदिनुभयो।



Downloaded from http://dhamma.digital

तैपनि श्रामणेर चन्दाको मनमा शान्ति थिएन । सबै प्रवन्ध बावजूद पनि वहाँ गयामा रहन चाहेन अतः वहाँ कलकत्ता आउनुभई, त्यहीं सब प्रवन्ध मिलाउनुभयो ।

सन् १८९३ मा अनागरिक धर्मपाललाई शिकागो (अमेरिका) मा हुन लागेको 'सर्व धर्म सम्मेलन' मा बुध्द धर्मको प्रतिनिधित्व गर्न निमन्त्रण आएको थियो । तसर्थ वहाँले "महावोधि-सभा" का सम्पूर्ण कार्यभार श्रामणेर चन्दालाई सुम्पी अमेरिका प्रस्थान गर्नुभएको थियो । त्यस कार्यभारलाई वहन गर्नुका साथसाथै श्रामणेर चन्दाले आफ्नो अध्ययनमा पनि प्रगति गर्दै लाग्नुभएको थियो । तर वहाँलाई कलकत्तामा रहँदा पनि कहिलेकहीं उदासीन भाव आउँथ्यो । त्यसैले वहाँले सन् १८९४ मा अनागरिक धर्मपाल 'सर्व-धर्म सम्मेलन वाट फर्कनुभएपछि अराकान जाने इच्छा व्यक्तगर्नुभयो । धर्मपालको नामञ्जुरीवाट नै श्रामणेर चन्दा अराकान (वर्मा) फर्कनुभयो ।

अराकानमा रहेर पनि वहाँलाई शान्ति भएन । जुन-अखवारले बुध्द-धर्म प्रचार-प्रसार गर्न भारत प्रस्थान गरेको बेला प्रशंसा छापेको थियो त्यही अखबारले वहाँको निन्दा एवं आलोचना पनि छाप्यो, त्यसकारण वहाँलाई आफ्नो अधूरो कार्यले गर्दा लज्जा र संकोच हुन लाग्यो । अखवारमा निन्दा एवं आलोचनाको छपाइबाट वहाँलाई नयाँ प्रेरणा मिल्यो । वहाँले दृढ निश्चय गर्नु भयो कि पुनः भारतमा गई धर्म-प्रचारको निमित्त जस्तो सुकै समस्या आएपनि सामना गर्दै



Downloaded from http://dhamma.digital

जाने प्रतिज्ञा गर्नुभयो ।

वर्ष दिन पछि वहाँले आफ्नो मनसाय (अभिलाषा) गुरूलाई सुनाउनुभयो । त्यसबेलासम्ममा अराकानमा स्थापित भएको "महाबोधि–सभा" भंग भइसकेको थियो जुन सभाद्वारा वहाँहरूको सन् १८९१ को भारत-गमनमा मार्गव्यय गरेको थियो । अतः श्रामणेर चन्दाले अक्याव नगरका धनी परिवार-हरूसित सहायता माग्न जानुभयो । वहाँले आशा गर्नुभयो कि कुनै एक परिवारले नै वहाँको मार्ग-व्ययको समस्या समाधान हुने छ तर लज्जाको कुरा सिर्फ ५।–रूपैयाँ मात्र प्राप्त भयो । 'मरता क्या न करता'- भने जस्तै वहाँ अन्य घरहरू-सित सहायता माग्न जानुभयो प्रत्येक घरहरूबाट सिर्फ ५।५ रूपियामात्र प्राप्त हून गई जम्मा २५।-रू. जम्मा हुन आयो । यो कुरा विहारका दाताहरूले सुनी खुब हाँस्नु भयो र वहाँहरूले अन्य ६०।– रूपियाँ पनि जम्मा गरिदिए पछि कुल ८५।– रूपियाँ जम्मा भयो ।

वहाँ भारत जान अराकानबाट चटगाउँ आउनुभयो र चटगाउँबाट-कलकत्ता । यसपटक वहाँ कलकत्ता महाबोधि सभामा रहनुको सट्टा एक अन्य धर्म शालामा रहनुभयो । त्यहाँ भिक्षाटनको भरोसाबाट जीविका गर्दै रहनुभयो । यसै-बेला (सन् १८९५) वहाँले कलकत्तामा गत शताब्दि(१९ सौ शताब्दी) उत्तर का प्रथम भारतीय भिक्षु महावीर महास्थ-



Downloaded from http://dhamma.digital

विरलाई एक वर्मी परिवारको घरमा भेट्नुभयो । श्रामणेर चन्दाको विषय भिक्षु महावीर लाई वहाँकै एक शिष्यबाट परिचय दिई राखिसकेको थियो अत: श्रामणेर चन्दालाई देख्नासाथै महावीर महास्थविरले 'आओ बच्चा! आओ बच्चा !!" भन्दै प्रेम पूर्वक स्वगत गर्नु भएको थियो । भिक्षु महावीर महास्थविर ऊ. चन्दिमासित पनि परिचित व्यक्ति थिए र त्यसै कारणले वहाँहरूको सम्पर्क घनिष्ठ हुन गएको थियो । त्यसै-बेलादेखि महावीर महास्थविरले श्रामणेर चन्दा लाई आफ्नो उत्तराधिकारीको रूपमा कुशीनगरमा राखी भारतमा बुध्द धर्मको प्रचार–प्रसार गराउने मनसायले वहाँको अध्ययनको पूरा बन्दोवस्त गर्नु भयो ।

श्रामणेर चन्दालाई संस्कृत, पालि, बंगला, हिन्दी आदीको पूर्ण ज्ञान दिलाउन भिक्षु महावीरले कलकत्ता कलेज स्क्वायरमा रहनुभएका जीवानन्द विद्यासागर र संस्कृत कलेज का प्रमूख गोविन्द शास्त्रीकहाँ पढाइको प्रवन्ध गरिदिनु भएको थियो ।

केही समयपछि भिक्षु महावीर गाजीपुर आउनु भयो। वहाँले श्रामणेर चन्दा लाई पनि साथ लिएर आउनु भएको थियो । गाजीपुरको 'गहमर' भन्ने गाउँमा एक प्राचीन पध्दतिको संस्कृतपाठशाला थियो। त्यहाँका आचार्य पं. जानकीरामकहाँ श्रामणेर चन्दा लाई अध्ययनको प्रवन्ध गरि दिनु भयो । त्यसवेला वहाँको अन्नदाता खेजारी बाबु रहनु भएको थियो ।



Downloaded from http://dhamma.digital

त्यसको केही वर्षपछि पण्डित जानकिरामको निधन हुन गएको कारणले श्रामणेर चन्दा गहमर छोडी सन् १८९८ मा कुशीनगर आउनुभयो । त्यसबेला कुशीनगरमा भिक्षु महावीर महास्थविरले यात्रीहरूको लागी रहन एउटा विहारको निर्माण कार्य शुरू गरिरहनुभएको थियो । यसमा श्रामणेर चन्दाले पनि साथदिनुभयो । विशेषत: यस विहार कलकत्तामा रहनुभएका दायक सेठ खेजारीबाबु को सहायताबाट सन् १९०२ मा तयार भयो, यो नै वर्तमान शताब्दिको पहिलो भारतीय बौध्द विहार थियो ।

सन् १८९९ मा भिक्षु महावीरले पुन: श्रामणेर चन्दा लाई अध्ययनको निमित वर्मा पठाउनुभयो । वर्माको मोलमिन नगरमा केही दिन रहनुभई वहाँ मोलमिन नगरबाट अलि टाढा परेको "कदो कोन्हा" नामक स्थानको एउटा विहारमा रहनुभयो । त्यस विहारका आचार्य महास्थविर ऊ. सागरसमक्ष रहनुभई वहाँले त्रिपिटक साहित्य अध्ययन गर्नुभयो । अध्ययनको सिलसिलामा वहाँ माण्डलेमा पनि केही महिना रहनुभएको थियो ।

सम्पूर्ण पालि साहित्य एवं बौद्ध दर्शनको अध्ययन पश्चात् वहाँ उपसम्पन्न हुनेतर्फ लाग्नुभयो । यसको निमित वहाँ दायक खेजारी बाबुकासाथ रंगूनबाट चटगाउँ आउनु भयो । चटगाउँबाट रामू (पांवा) भन्ने स्थानमा पुग्नुभयो जहाँ सन् १९०३ को माघ पूर्णिमाका दिन खेजारी बाबुको जेष्ठ पुत्रको प्रव्रज्या र श्रामणेर चन्दाको उपसम्पदाकार्य



Downloaded from http://dhamma.digital

सम्पन्न भयो । उपसम्पदापछि वहांको नाम 'ऊ. चन्द्रमणि' भयो । त्यस वखत उपाध्याय वहांका स्वयं काका ऊ. चन्दिमा नै रहनुभएको थियो ।

उपसम्पदापछि भिक्षु चन्द्रमणि कुशीनगर आउनुभयो । कुशीनगरमा २ वर्षजति विताउनुभई पुनः एक पटक वहां भिक्षु महावीर महास्थविरको आज्ञा लिई बर्मा जानुभयो । मालमिनको बैजयन्त महाविहारमा एक बर्षावास बिताउनु भई वहाँ कुशीनगर फर्कनुभयो, त्यसवेला देखि जीवनको अन्त्य सम्म वहाँ कुशीनगरकै भिक्षु भई रहनुभयो ।

त्यसबेला बुद्धको परिनिर्वाणमूर्ति एवं मन्दिर ब्राम्हण-हरूको हातमा परिरहेको थियो । यसको विरोधमा ऊ. चन्द्र-मणिले इङ्गलंण्डसम्म पत्र व्यवहर गर्नुभएको थियो । यसैको निमित एकचोटि इङ्गलैण्ड पनि जानुभएको थियो असको फलस्वरूप सन् १९०४ देखि परिनिर्वाण -मूर्ति एवं मन्दिर (विहार) बौद्धहरूको अधिकारमा रहन आएको थियो ।

त्यसबेला भारतमा बौद्ध-साहित्य नगण्य (शून्य) रूपमा थियो । पहिलो धम्मपदको हिन्दी अनुवाद ऊ. चन्द्रमणि ले नै गर्नुभई सन् १९०९ मा प्रकाशित गर्नु भएको थियो । यसको अतिरिक्त वहाँले महासति पट्ठानसुत्त, धम्मचक्कपवत्तन-सुत्त, अनत्तलक्खणसुत्त, संगीतिसुत्त, सिंगालोवादसुत्त, वसल-सुत्त र महापरिनिस्वानसुत्त आदि ग्रन्थहरू हिन्दीभाषामा अनुवाद गरी भारतबासीहरू लाई बुद्ध धर्मको अध्ययन सुपाठ्य गरिदिनुभएको थियो । वहाँले सरलरूपमा भगवान् बुद्धको



Downloaded from http://dhamma.digital

जीवन चरित्र पनि हिन्दीमा लेख्नुभएको थियो ।

कुशीनगरमा वहाँले गरेर जानुभएको प्रमुख देनहरूमा "बुद्ध-जयन्ती महोत्सव" पनि एउटा थियो जुन जयन्ती उत्स-वमा मात्र सीमित नरही मेलाको रूपमानै सन् १९२४ को बैशाख-पूर्णिमा देखि शुरू गर्नुभएको थियो । बुद्ध जयन्तीका दिनदेखि महिनादिनसम्म हुने त्यस मेला जुन अहिले सम्म यथावत् रहुँदै आएको छ को फलस्वरूप वहाँको जन-सम्पर्क निकै बढ्न गएको थियो ।

त्यसबेला कुशीनगरमा कुनै एउटा प्राइमरी स्कूलसम्म पनि थिएन जसको कारण कुशीनगरवासीहरू अशिक्षित हुनाको कारण पूरा अन्ध विश्वासमा डुबिरहेका थिए ।यहांसम्मकि ऊ. चन्द्रमणि महास्थविरले एउटा कुँवा (इनार) निर्माण गर्नु-भएको थियो, त्यसको विवाह वा अर्को एउटा कुवाको निर्माण गरिदिएन भनेर सारा ग्रामवासीहरू कुपित भएको थिए । ती ग्रामवासीहरूलाई वल्ल-तल्ल शान्तपूर्वक सम्झाउन सफल हुनु भएको थियो कि निर्जीव वस्तु (कुवा)को विवाह गराउनु ठूलो मुर्खता हो । यसको साथसाथै शुरू शुरूमा श्रद्धालु केही कुशीनगरवासीहरूलांई प्रव्रजित गर्नुभएको बेलामा पनि वहाँले तिनीहरूको विरोध सहनुपरेको थियो।अशिक्षित हुनाको कारण नै अन्धविश्वास (अज्ञानता)को बृद्धि भएको कुरा महशुसगर्नु भई त्यसताका कुशीनगरमा आइरहनुभएका सिंहलका एक श्रद्धा-लु व्यक्ति 'एम. ए. पीरीस",जो पछि भिक्षु श्रद्धानन्द हुनुभएको थियो को मद्दत लिई एउटा निः-शुल्क पाठशाला सन् १९२९



Downloaded from http://dhamma.digital

मा स्थापना गर्नुभयो, जुन स्कूललाई श्रद्धालु एम. ए. पीरीस को आग्रहमा "चन्द्रमणि निःशुल्क पाठशाला" भनी नामकरण गर्नुभएको थियो । यस पाठशालाको निमित्त भारतमा धर्मप्रचार गन आउनुभएका वर्मी भिक्षु ऊ. कित्तिमा (सन् १९०३-१९८७) र बाबा राघवदास (सन् १८९५-१९५६)को विशेष प्रयत्नमा सन् १९४२ मा सेठयुगुल किशोर बिडलाको तर्फबाट पाठशाला भवन तयार गर्नुभएको थियो ।

सन् १९३६ मा ऊ. चन्द्रमणि महास्थविरले २ तल्ले गरी एउटा सीमा-भवन' पनि तयार गराउनुभएको थियो जसबाट श्रामणेरहरूलाई उपसम्पन्न हुन तथागतको परिनिर्वाण स्थल छोडी अन्यत्र जान नपर्ने भयो ।

प्राइमरी स्कूलपछि मिडिल शिक्षा प्राप्त गर्न ऊ. चन्द्रमणि महास्थबिरले आफ्ना गुरू महावीर महास्थविरको स्मृतिमा सन् १९४४ मा "महावीर जुनियर हाइस्कुल" को पनि स्थापना गर्नुभएको थियो ।

यसरी धर्म प्रचारका साथसाथै कुशीनगर एवं आसपासका ग्रामीण जनताहरूलाई शिक्षाको प्रवन्ध पनि दिंदै जानुको फलस्वरूप वहाँलाई धर्म-प्रचारार्थ आफ्नो गृहस्थ जीवन परित्याग गरी प्रव्रजित जीवन बिताउने केही महानुभावहरू प्रादुर्भाव भयो जसमा भिक्षु धर्मरक्षित र भिक्षु अच्युतानन्दको नाम प्रमुख हुन आउँछ । वहाँहरुको अतिरिक्त भिक्षु जिनानन्द, भिक्षु सत्यानन्द, भिक्षु विजयानन्द, विशुद्धानन्द र प्रज्ञावंश आदि पनि वहाँका भारतीय शिष्यहरू हुन् ।



Downloaded from http://dhamma.digital

वहाँका विदेशी शिष्यहरूमा भिक्षु संघरक्षित पनि एक प्रमुख हुनुहुन्छ । सन् १९२५ को अगस्त महिनामा लन्दनमा जन्मनुभएका वहाँ बुद्धका तीर्थस्थलहरूको सिर्फ वर्णन-पढेर मात्र संतोष नभई प्रत्यक्ष अवलोकन गर्ने मनसाय लिई २३ अगस्त १९४४ (आफ्नो १९ औं जन्मदिनको ३ दिनअगाडि) को दिन भारतको लागि लन्दनबाट प्रस्थान हुनुभएको-थियो । वहाँ भारतका विभिन्न ठाउँहरूमा अन्य धर्महरूको पनि गवेषणा गर्दै बनारस पुग्नुभएको थियो। बनारसको काशी हिन्दू विश्वविद्यालयमा भिक्षु जगदीश काश्यप (सन् १९०८-१९७६) लाई भेटनुभई आफ्नो प्रव्रजित जीवन बिताउने मनसाय व्यक्त गर्नु भएको थियो । भिक्षु जगदीश काश्यपले वहाँलाई कुशीनगरमा गई ऊ. चन्द्रमणि महास्थविरसमक्ष प्रवजित हुने सल्लाह दिनुभयो जसअनुसार वहाँ कुशीनगर पुग्नुभई १२ मई १९४९ का दिन, विहान ९ बजे ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा 'श्रामणेर संघरक्षित' हुनुभएको थियो । पछि आएर वहाँ महायान, थेरवाद र वज्रयान तीनै यानका सुप्रसिद्ध विद्वान् भिक्षु हुनुभयो ।

महापंडित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) र भदन्त आनन्द कौशल्यायन (सन् १९०५-१९८८) लाई बुद्ध-धर्ममा आकर्षित गर्ने २।३ जना व्यक्तिहरूमा ऊ. चन्द्रमणि महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

**नेपालको सन्दर्भमा:--**

ऊ चन्द्रमणि महास्थविरसित सर्वप्रथम सुपरिचित



Downloaded from http://dhamma.digital

हुनुभएका नेपाली व्यक्तिहरूमा 'महाप्रज्ञा गुरू' प्रमुख व्यक्ति हुनु हुन्छ। ऊ. चन्द्रमणिमहास्थविरसित सम्पर्क भएदेखि महाप्रज्ञा पूर्ण स्थविरबादी हुनुभएको थियो । त्यसभन्दा (सन्१९२८ म/त्र) अघि सम्म वहाँ महायानीरूपका घेलु (लामा) हुनुहुन्थ्यो ।

त्यहाँपछि क्रमश: भिक्षु प्रज्ञानन्द (सन् १९३०),भिक्षु धम्मालोक (वि.सं १९८९), भिक्षु शाक्यानन्द(वि सं.१९८९), भिक्षु अमृतानन्द (सन् १९३६), भिक्षु सुबोधानन्द (वि सं. १९९६); भिक्षु बुद्धघोष र भिक्षु महापन्य (वि.सं.१९९७), भिक्षु कुमारकाश्यप र चुन्द (वि.सं.१९९९), भिक्षु अश्वघोष (सन् १९४४) भिक्षु विवेकानन्द (वि. सं. २००३), भिक्षु सुदर्शन(सन्१९५०),भिक्षु ज्ञानसागर (वि सं.२०१०)श्रामणेर सुगतानन्द(वि.सं. २०१८), भिक्षु महेन्द्र(वि.सं.२०२७)आदि ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभएका नेपाली कुलपुत्रहरू थिए ।

भिक्षु महानाम र भिक्षु प्रज्ञारश्मि पनि वहाँकै उपाध्यायत्वमा सन् १९४३ का १७ अक्टोबर दिन सारनाथमा उपसम्पन्न हुनुभएको थियो ।

त्यस्तै अनागारिकाहरूमा रत्नपाली, धर्मपाली र संघपाली वि.सं. १९८७ को शुरुमा श्रामणेर प्रज्ञानन्द (हाल संघ नायक भिक्षु प्रज्ञानन्द महास्थविर) को प्रेरणाबाट सर्वप्रथम कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रव्रजित हुनु भएका थिए वहाँहरू पछि क्रमश: अनागारिका धर्मशीला, पोखरा (वि सं .१९९६), अनागारिका संघमित्ता, खेमाचारी,



Downloaded from http://dhamma.digital

विवेकाचारी, महानन्दी (वि.सं. १९९९), अनागारिका करुणा र मुदिता (वि.सं. २०००) आदि पनि ऊ. चन्द्रमणि महास्थविर के तर्फबाट प्रवजित हुनु भएको थियो ।

यस्तै भोजपुरका अनागारिका सुशीला (वि. सं. २००१), रत्नमञ्जरी (वि. सं. २००२), र सुमना, सुमित्रा मागन्धी, विशाखा, दानशीलाहरूका गुरू पनि ऊ. चन्द्रमणि महास्थविर नै हुनुहुन्छ ।

यसरी नेपालमा ऊ. चन्द्रमणि महास्थविर का कयौं शिष्यशिष्याहरू भएपछि पहिलोपटक वहाँले सन् १९४४ मा शिवरात्रीको समय विइ नेपाल यात्रा गर्न आउनुभएको थियो। वहा भिक्षु अमृतानन्दका साथ आउनुभएको थियो । त्यसबेला वहाँले खुलेआम रूपमा धर्म प्रचार गर्न नपाएपनि अनेकौं विहारहरुमा जानुभई श्रोतागणहरूलाई सन्तोषजनकरूपमा धर्मोपदेश दिनुभएको थियो ।

त्यसबेला ऊ. चन्द्रमणि महास्थविर भिक्षु धम्मालोकका साथ आनन्दकुटी (भर्खर निर्माण प्रारम्भ) मा रहनुभएको थियो । भिक्षु धम्मालोकले गुरूवरसमक्ष एउटा बुद्ध-मूर्ति प्राप्त भए बुद्ध-पूजा गर्ने स्थलको रूपमा एउटा बुद्ध-मन्दिर पनि निमाण गर्ने आशय व्यक्त गर्नुभएको थियो। गुरूवर ऊ. चन्द्रमणि महास्थविरले पनि राम्रो विहार निर्माण गर्ने भए आफैले एउटा बुद्ध-मूर्ति दिने निश्चय गर्नुभयो, जुन मूर्ति संगमरमर (Marble) को थियो ।

बुद्ध-मूर्ति पाउने भइसकेपछि, भिक्षु धम्मालोकले

विहार निर्माण कार्य शुरुगनु भयो । विहार निर्माणकार्य सिद्धिन लागेपछि वहाँ बुद्ध–मूर्ति लिन कुशीनगर प्रस्थान गर्नु भयो । बुद्ध–मूर्ति लिएर वहाँ भीमफेदीमात्र पुगेको थियो, काठमाडौंमा भिक्षु एवं अनागारिकाहरूलाई कडा कारवाही गर्न लागेको कुरा थाहापाउनु भयो । तसर्थ वहाँले मूर्ति भीमफेदीमै राख्नुभई काठमाण्डौं आउनुभयो । जुन दिन वहाँ आनन्द-कुटीमा पुग्नुभएको थियो, त्यही दिन सबै भिक्षु श्रामणेर एवं अनागारिकाहरूलाई सिंहदरबारमा हाजिर हुनुपर्ने पूर्जी दिइराखेको रहेछ । अतः वहाँ पनि त्यहाँ जानुभयो ।

भिक्षु एवं श्रामणेरहरूले ती राणाहरूको कबूलियत-नामा (विहारमा बुद्ध–पुजा नगर्ने, गृहस्थहरूलाई प्रवजित नगर्ने र धर्मदेशना नगर्ने] इन्कार गरे पछि देश-निष्काशन गर्ने हुकुम भयो । यो हुकुम विना राजाको आज्ञा लिई चुक्ली बाजहरूको फन्दामा परी श्री ३ जुद्ध शम्शेरले दिएका थिए ।

भिक्षु एवं श्रामणेरहरू पनि देश निष्काशनपछि रक्सौल पुग्नुभई आफूहरू कहाँ–कहाँ जाने हो एकआपसमा सरसल्लाह गर्नुभयो जसअनुसार भिक्षु प्रज्ञानन्द, श्रामणेर कुमार काश्यप र श्रामणेर प्रज्ञारस कालिम्पोङ्ग जानु भयो । भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञारश्मि कुशीनगर जानुभयो । अन्य २ जना श्रामणेर अग्गधम्म र श्रामणेर रत्नज्योति नौतनवा र कलकत्ता जानुभयो ।

यसरी बुद्धको जन्मस्थल नेपालबाट दोश्रो पटक (पहिलो-१९८२ सालमा ५ जना लामा भिक्षुहरूलाई) स्थबिर-



Downloaded from http://dhamma.digital

वादी भिक्षु एवं श्रामणेरहरूलाई अन्यायपूर्वक देश-निष्काशन गरेको कारण, नेपालमा बुद्ध-धर्म पुनस्थापनार्थ सारनाथमा ३१ नवम्बर १९४४ (कार्तिक पूर्णिमा, २००१ साल) का दिन ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा "धर्मोदय-सभा" को गठन भयो। यस सभाका सचिव भिक्षु अमृतानन्द श्रीलंका जानुभई पूज्य भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) को नेतृत्वमा एक शिष्टमण्डल नेपाल ल्याउन सफल हुनुभएको थियो जुन शिष्टमण्डलमा वहाँ (भिक्षु अमृतानन्द) को साथै अन्य ३ जनामा भिक्षु प्रियदर्शी प्रो. रतन सुरिय प्रो. अरियपाल थिए। वहाँहरू सन् १९४६ को अप्रिल महिनामा आउनुभएको थियो।

वहाँहरूले श्री ३ पद्मशम्शेरलाई भेट्नु भई "निष्काशित भिक्षुहरूलाई फर्काइ पाऊँ" भनी विन्ति गऱ्यो। जसअनुसार सहृदयतापूर्ण, उद्धारवादी श्री ३ पद्मशम्शेरले सबभन्दा पहिले निष्काशित भिक्षु एवं श्राणेरहरूमा बृद्ध भिक्षु धम्मालोक (सन् १८९०-१९६७) लाई नेपालमा फर्कन प्रमांगी दिनुभयो।

यो खबर पाउनासाथ कालिम्पोङ्गमा रहनु भएका भिक्षु धम्मालोक सन् १९४६ को जून (वि. सं. २००३, जेष्ठ) महिनामा आनन्दकुटी विहार (काठमाडौं) पुग्नुभयो। त्यसबेला वहाँले भिक्षु अमृतानन्द समक्ष उद्गार व्यक्त गर्नुभएको थियो-

"अमृतानन्द! तपाईले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो।"



Downloaded from http://dhamma.digital

यसरी ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा गठित "धर्मोदय–सभा" को तर्फबाट आफ्नै शिष्य भिक्षु अमृतानन्द (सचिव) ले नेपालमा बुद्धधर्मको पुनरूत्थानमा विशेष टेवा दिएको थियो ।

ऊ. चन्द्रमणि महास्थविर नेपालको मात्र नभई भारतको पनि चिरूऋणी व्यक्ति हुनुहुन्छ । अतः नेपाल र भारतमा भएका दुइवटा ऐतिहासिक महान् पर्वमा वहाँलाई धर्मानुशासकको रूपमा उपस्थित गराउनुभएको थियो । ती ऐतिहासिक पर्वहरू हुन–

१) नेपालको चतुर्थ विश्व बौद्ध सम्मेलन र

२) नागपुर (भारत) को बौद्धदीक्षान्त समारोह ।

नेपालमा चतुर्थ विश्वबौद्धसम्मेलन १५ देखि २१ नवम्वर १९५६ सम्म ४२ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित गराई सम्पन्न भएको थियो त भारतमा त्यसको एक महिना-अगाडि १४ अक्टोवर १९५६ (विजयादशमी) का दिन भारतका संविधान निर्माता बावासाहेव डा. भीमराव रामजी अम्बेडकर आफ्ना लाखौ अनुयायीहरूका साथ ऊ. चन्द्रमणि महास्थविरसमक्ष त्रि–शरणसहित पञ्चशील ग्रहण गरी 'बौद्ध' घोषित हुनुभएको थियो ।

सन् १९५६ पछि ऊ. चन्द्रमणि महास्थविरको अन्तिम नेपाल यात्रा सन् १९६७ मा सम्पन्न भयो, त्यसवेला श्रामणेर मेधंकर आनन्दकुटीमा वहाँको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु मेधंकर" (वि.सं. १९७९–२०४४) हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसरी नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरूत्थान गर्नमा अग्रणी भूमिका निभाउनुभएका ऊ. चन्द्रमणि महास्थविर ८ मई १९७२ का दिन कुशीनगरको सीमा-मन्दिर (विहार) मा आफ्नो ९६ वर्षको अनुत्तर दीर्घजीवी जीवन परित्याग गर्नु भएको थियो ।

वहाँको स्मृतिमा बनिएको वहाँको प्रतिमा कुशीनगर-मा २९ जनवरी १९८१ का दिन सम्माननीय दलाई लामाको तर्फबाट प्रतिमा संस्थापनकार्य सुसम्पन्न भएको थियो जुन समारोहमा नेपालका ३० जना भिक्षु-श्रामणेरहरू, ३१ जना अनागारिकाहरू र ६०० जति उपासकोपासिकाहरूले भाग लिएका थिए ।

★★
★★

-सन्दर्भ-


१) चन्द्रमणि महास्थविर- भिक्षु धर्मरक्षित
- लेखक स्वयं

२) बौद्ध-विभूतियाँ- भिक्षु धर्मरक्षित
-मनोरंजन पुस्तकालय, बनारस-१९५४

३) स्व. भिक्षु चन्द्रमणि महास्थविर- भिक्षु ज्ञानेश्वर
-लेखक स्वयं, मन्त्री-कुशीनगर भिक्षु संघ

४) The Thousand- Petalled Lotus
- Sangharakshita
- Heinemann London-1976

५) "आनन्द भूमि"- वर्ष -८, अंक -११




Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलंकित घटना
२) भिक्षु धर्मालोक महास्थबिर
३) बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू
४) बाबासाहेब डा. अम्बेडकर
५) अनागारिका धम्मावती
६) 'पियदस्सी' पं. जवाहरलाल नेहरू
७) भिक्खुत्रयी
८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर

मुद्रकः- ओम प्रिन्टिङ्ग प्रेस, ओम बहाल, फोन-२२२४५७

Downloaded from http://dhamma.digital